# सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानी वितरण प्लान्ट जडान सम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०३)

यस मन्त्रालयको आ.व. २०८३/०८४ को स्विकृत बार्षिक कार्यक्रम अनुसार "सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानी वितरण प्लान्ट जडान कार्यक्रम" सञ्चालन गर्नको लागि कोशी प्रदेश भित्रका ईच्छुक सार्वजनिक निकायहरु (सरकारी विद्यालय, सरकारी विश्वविद्यालय वा अन्तर्गतका क्याम्पस, सरकारी अस्पताल, धार्मिकस्थल, अनाथालय, वृद्धाश्रम, सुधारकेन्द्र, कारागार, सरकारी निकाय आदि) ले अनिवार्य रुपमा तपसिल बमोजिमका विवरण सहित ७ (सात) दिनभित्र यस मन्त्रालयको ईमेल ठेगाना mowsiep1@gmail.com मार्फत माग गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सार्वजनिक निकायको नाम र ठेगानाः-

प्लान्ट जडानस्थलमा पर्याप्त पानीको श्रोत भएको/नभएकोः-

सरसफाई तथा पानीको निकासको लागि उचित प्रवन्ध भएको/नभएकोः-

शौचालयको व्यवस्था भएको/नभएकोः-

दैनिक आवश्यक पानीको अनुमानित परिमाणः-

प्लान्ट जडान पश्चात सञ्चालन गर्दा लाग्ने विद्युत महशुल बेहोर्न तयार रहेको/नरहेकोः-

प्लान्ट जडान सम्पन्न पश्चात सञ्चालन/मर्मत सम्भारको दायित्व स्वीकार गर्न तयार रहे/नरहेकोः-

सम्पर्क व्यक्ति तथा सम्पर्क नं.:-

नोटः- पेश भएका मागहरुको छनौट "सार्वजनिक स्थानमा शुद्ध खानेपानी प्लान्ट जडान र हस्तान्तरण सम्बन्धि मार्गदर्शन ,२०८३" बमोजिम हुने छ।

खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय कोशी प्रदेश विराटनगर

कृष्ण प्रसाद राजबंशी
महाशाखा प्रमुख